**अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म कम्पनीले चाईनाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि.नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडेल | आकार/क्षमता | उत्पतिको मुलुक | ईकाइ | प्रति ईकाइ मुल्य | अधिकतम खुद्रा बिक्री मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | SKYWORTH | SMVH12B-BI | 1 TON | CHINA | 1 | 58,900.00 | 58,900.00 | |
| 2 | AIR CONDITIONER | SKYWORTH | SMVH12B-R32 | 1 TON | CHINA | 1 | 65,500.00 | 65,500.00 | |
| 3 | WASHING MACHINE | SKYWORTH | F70265AB | 7 KG | CHINA | 1 | 53,000.00 | 53,000.00 | |
| 4 | WASHING MACHINE | SKYWORTH | F10262RB | 10 KG | CHINA | 1 | 74,000.00 | 74,000.00 | |
| 5 | WASHING MACHINE | SKYWORTH | F12462GB | 12 KG | CHINA | 1 | 80,900.00 | 80,900.00 | |

*बिक्रेताको नाम : SMART APPLIANCES P LIMITED*
*ठेगाना : DILLIBAZAR, KATHMANDU*

KL DUGAR GROUP | Smart Appliances (P) Limited

*स्थायी लेखा नं. : 600821265*
*फोन नं. : 014443119*

**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**को**

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८२/०३/०६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालयः बालाजु, काठमाण्डौ**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९/०३/२९ मा दर्ता नं.२९३६१५/७८/०७९ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३ स्थित **मास्टरपिस ईन्टरप्राईजेज प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भवानी प्रसाद दहालको नाति, इश्वरी प्रसाद दहालको छोरा, मोरङ्ग जिल्ला, ग्रामथान गा.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **जागृत दाहाल (ना.प्र.प.नं. ०५-०१-७६-०५५७०, मोरङ्ग)**
२. भवानी प्रसाद दहालको नाति, इश्वरी प्रसाद दहालको पत्नी, मोरङ्ग जिल्ला, झोराहाट गा.बि.स./उ.म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **निर्मला दाहाल (ना.प्र.प.नं. ५/७८४९, मोरङ्ग)**
३. शिवनिधी दाहालको नाति, भवानी प्रसाद दहालको छोरा, मोरङ्ग जिल्ला, झोराहाट गा.बि.स. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **इश्वरी प्रसाद दहाल (ना.प्र.प.नं. १३९०१, मोरङ्ग)**
४. रामहरी वैठाको नाति, श्री नारायण वैठाको छोरा, रौतहट जिल्ला, कट्हरिया गा.बि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **विशाल कुमार वैठा (ना.प्र.प.नं. ३२-०१-६९-०६२९३, रौतहट)**

**शाखा कार्यालयः तिनघरे, इलाम**

**ऋणीको विवरण**

दल बहादुर सिजाली मगरको नाति, थिर बहादुर सिजाली मगरको छोरा, इलाम जिल्ला, लक्ष्मीपुर गा.वि.स वडा नं. ८, स्थित स्थायी ठेगाना भइ हाल इलाम जिल्ला सुर्योदय न.पा. वडा नं. १४ बस्ने **देउ कुमार सिजाली मगर (ना.प्र.प.नं.: ६५०७६, इलाम )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धन बहादुर सिजाली मगरको नाति, दल बहादुर सिजाली मगरको छोरा, इलाम जिल्ला, लक्ष्मीपुर गा.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भइ हाल इलाम जिल्ला सुर्योदय न.पा. वडा नं. १४ बस्ने **थिरबहादुर सिजाली मगर (ना.प्र.प.नं.: ५७४०, इलाम)**
२ थिरबहादुर सिजाली मगरको बुहारी, देउ कुमार सिजाली मगरको पत्नी, इलाम जिल्ला, समाल्बुङ्ग गा.वि.स वडा नं. १, स्थित स्थायी ठेगाना भइ हाल इलाम जिल्ला सुर्योदय न.पा. वडा नं. १४ बस्ने **तुलसा थापा (ना.प्र.प.नं.: ३५०, इलाम)**

**शाखा कार्यालयः वीरगंज, पर्सा**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय वीरगंज, पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७४/०४/१५ मा दर्ता नं. ३५६१८/०७४/७५ कायम भई दर्ता भएको पर्सा जिल्ला वीरगंज उ.म.न.पा. वडा नं. १८ स्थित **पुजा ट्रेड कन्सर्न** प्रोप्राइटरः **सुष्मिता साह**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. महेन्द्र प्रसाद साह तेलीको नाति, राम नारायण साह तेलीको छोरा, रौतहट जिल्ला, जटहरा वडा गा.वि.स./उ.म.न.पा. वडा नं. ८ मा स्थित स्थायी ठेगाना भएको **अजय साह (ना.प्र.प.नं. ३४२२६८, पर्सा )**
२. राम नारायण साह तेलीको बुहारी, अजय साहको पत्नी, पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १२ मा स्थित स्थायी ठेगाना भएको **सुष्मिता साह (ना.प्र.प.नं. ३४-०१-७४-००४६११, पर्सा )**

**शाखा कार्यालयः लम्की, कैलाली**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उधोग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०७७/०६/२७ मा दर्ता नं. २९२६१/०७७/७८ कायम भई दर्ता भएको कैलाली जिल्ला, लम्कीचुहा न.पा. वडा नं. १, स्थित **आर जे ईलेक्ट्रीकल एण्ड सप्लायर्स** प्रोप्राइटरः **दिनेश प्रसाद जैसी**

**२. ऋणीको विवरण**

सुदुर पश्चिम प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय धनगढी, कैलालीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०७६/०१/२२ मा दर्ता नं. ११८५९ कायम भई दर्ता भएको कैलाली जिल्ला, बर्दगोरीया गा.पा. वडा नं-२, स्थित **श्री कृपा बाख्रा फर्म** प्रोप्राइटरः **राजेन्द्र प्रसाद जैसी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. चने जैसिको नाति, कृपाराम जैसीको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **दिनेश प्रसाद जैसी (ना.प्र.प.नं. ६७२०३७/७९१४, कैलाली)**
२. चने जैसिको नाति, कृपाराम जैसीको छोरा, कैलाली जिल्ला,पथरैया गा.वि.स./उ.म.न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **राजेन्द्र प्रसाद जैसी (ना.प्र.प.नं. ६७२०३७/८५४२, कैलाली)**
३. बिजय जैसिको नाति, चने जैसिको छोरा, अछाम जिल्ला, तोषि गा.वि.स. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **कृपाराम जैसी, (ना.प्र.प.नं. १८९९ अछाम )**
४. चने जैसिको बुहारी, कृपाराम जैसीको पत्नी, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **जसु देवि जैसी (ना.प्र.प.नं. १३९९, कैलाली)**
५. कृपाराम जैसीको बुहारी, दिनेश प्रसाद जैसीको पत्नी, कैलाली जिल्ला, जानकी गा.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **दुर्गा संज्याल (ना.प्र.प.नं. ६७-०२-७६-०००३८९, कैलाली )**
६. कृपाराम जैसीको बुहारी, राजेन्द्र प्रसाद जैसीको पत्नी, बर्दिया जिल्ला, धधवार गा.वि.स./उ.म.न.पा वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **दिपिना भण्डारी (ना.प्र.प.नं. ६५३०१६/४४९, बर्दिया )**

**शाखा कार्यालय लम्की, कैलालीको ऋणीको विवरण नं. १ र २ को व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

जीविकोपार्जनका लागि त्यति धेरै व्यस्त नबन जसले
तिमीलाई जीवन जिउन नै भुलाओस् ।
**- डोल्ली पार्टोन**

सम्पादकीय

# विदेशमा लगानीको बाटो

विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ ले दशकौंदेखि नेपालीलाई विदेशमा लगानी गर्न रोकिरहेको सन्दर्भमा त्यसमा संशोधन गरी तोकिएको क्षेत्रमा लगानी गर्न खुला गरेसँग नेपाल राष्ट्र बैंकले थप बाटो खुला गरेको छ । उसले विदेशमा लगानी गर्न चाहने सूचनाप्रविधि (आईटी) उद्योगले अधिकतम १० लाख अमेरिकी डलर बराबरको विदेशी मुद्रा बाहिर लैजान सक्ने नीतिगत व्यवस्था गरिदिएको छ । यसले अब नेपाली आईटी कम्पनीलाई विदेशमा लगानी गर्न सम्भव बनाएको छ जसबाट यस क्षेत्रमा लाग्नेहरू निकै उत्साहित देखिएका छन् ।

नेपाल राष्ट्र बैंकले बुधवार विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन नियमावली, २०७८ मा चौथो संशोधन गर्दै आईटी कम्पनीहरूलाई विदेशमा लगानी गर्ने सीमा तोकेको हो । पछिल्लो ३ आर्थिक वर्षमा सूचनाप्रविधिसम्बन्धी सेवा निर्यात गरी आर्जन गरेको औसत विदेशी मुद्राको ५० प्रतिशत वा अमेरिकी डलर १० लाख वा त्यस बराबरको विदेशी मुद्रासम्म विदेशमा लगानी गर्न दिने व्यवस्था गरेको छ । यसअघि सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, कम्पनी ऐन २०६३ र विदेशी विनिमय ऐन २०१९ लाई अध्यादेशमार्फत संशोधन गरेको थियो । सोही संशोधित व्यवस्था कार्यान्वयनका लागि केन्द्रीय बैंकले विनियमावली संशोधन गरेको हो । विनियमावलीमा परिच्छेद ५ 'क' थप गर्दै विदेशमा लगानीको नियमनसम्बन्धी व्यवस्था गरेको छ । यसरी विदेशमा लगानीका लागि बाटो खुलाउन प्रविधि क्षेत्रको विकासका लागि निकै महत्त्वपूर्ण कदम मानिन्छ ।

सरकारले खर्बौंका आईटी निर्यातको लक्ष्य लिएको छ । त्यसका लागि जनशक्ति उत्पादनदेखि विदेशका आईटी कम्पनीसँगको सहकार्य र लगानी आवश्यक पर्छ । अहिले नेपालीले विदेशमा आईटी कम्पनी खोलेर नेपालमा त्यसको शाखा खोलेका छन् । तिनले विदेशबाट पैसा ल्याउँदा झन्झट भोग्नु परिरहेको बताएका छन् । यस्ता कम्पनीले नेपालबाट अर्बौंका आईटी निर्यात पनि गरेका छन् । यस्तोमा नेपालमा दर्ता भई सञ्चालनमा आएका नेपालीका आईटी कम्पनीले निर्यातका आधारमा विदेशमै लगानी गर्न पाउने व्यवस्थाले नेपाली कम्पनीको अन्तरराष्ट्रियकरणमा ठूलो सहयोग पुऱ्याउँछ । विदेशमा लगानी गर्न नपाइने ऐनले नेपाली कम्पनीलाई बहुराष्ट्रिय कम्पनीका रूपमा विकास गर्न गाह्रो थियो । अहिले नयाँ व्यवस्थाले नेपाली विज्ञहरू विदेशमा गएर काम गर्न बाटो खुल्छ । उदाहरणका लागि अमेरिकामा

- **नेपालीका आईटी कम्पनीले निर्यातका आधारमा विदेशमै लगानी गर्न पाउने व्यवस्थाले नेपाली कम्पनीको अन्तरराष्ट्रियकरणमा ठूलो सहयोग पुऱ्याउँछ ।**
- **विदेशमा लगानी गर्न दिने व्यवस्थाले पूँजी पलायन निम्त्याउला कि भन्ने चिन्ता पनि छ ।**

दर्ता भएको फ्युज मेशिनले नेपाललगायत विभिन्न देशमा शाखा खोलेको छ । यो नेपालीले विदेशमा दर्ता गरेको कम्पनी हो जसले सयौं दक्ष जनशक्तिलाई रोजगारी दिइरहेको छ । नेपालमै दर्ता भएर विदेशमा कम्पनी खोल्न पाए त्यहाँका कम्पनीसँग मिलेर ठूलो परियोजनामा काम गर्न सक्छन् । त्यसका लागि नेपाली कम्पनीले विदेशमा लगानी गर्न पाउनुपर्छ । अब त्यो बाटो खुलेको छ । अब नेपालमा मुख्य कार्यालय रहेका आईटी कम्पनीका शाखा विभिन्न देशमा देख्न पाइन सक्छ । यसले आईटी क्षेत्रमा ठूलो परिवर्तन ल्याउँछ । नेपाली विज्ञहरूलाई विदेशीसँग प्रतिस्पर्धामा काम गर्न सक्ने तुल्याउँछ । अर्को, विदेशमा नेपाली कम्पनी हुँदा तिनले बढी विश्वास गर्न पनि सक्छन् । यसरी नेपालीले विदेशमा लगानी गर्दा त्यताको लगानी पनि आकर्षित गर्न मद्दत मिल्छ ।

आईटी क्षेत्रमा बल्ल सरकार सकारात्मक बनेको छ । यस्तै सम्भावनाको अर्को क्षेत्र निर्माण व्यवसाय पनि हो । यसमा पनि विदेशमा लगानी खुला गर्ने हो भने तिनले नयाँनयाँ प्रविधि सिक्न पाउँछन् । यसबाट प्रविधि हस्तान्तरण पनि हुन्छ । नेपाली व्यवसायीको आत्मविश्वास पनि बढ्छ । नेपालभित्रै ठूलो परियोजनामा नेपालीको ठेक्का पाउन थाल्छन् । यसरी निर्माण व्यवसाय अहिलेको अवस्थाभन्दा निकै सबल हुन सक्छ ।

तर, विदेशमा लगानी खुला गर्दा यसको छिद्र प्रयोग गरेर स्वदेशी पूँजी बाहिरिने अवस्था आउन दिनु हुँदैन । लगानीको रूपमा गएको पैसाले लाभांश ल्याउन मद्दत गर्छ र उक्त लाभांश नेपालमा पुनः लगानी हुने सम्भावना हुन्छ । देशमा लगानीको वातावरण नभएको गुनासोबीच विदेशमा लगानी गर्न दिने व्यवस्थाले पूँजी पलायन निम्त्याउला कि भन्ने चिन्ता पनि छ । त्यसैले यसरी विदेशमा लगानी खुला गर्दा स्वेदशमा पनि लगानीको वातावरण बनाउन सरकारले ठोस पहल गर्नुपर्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## हुलाक बचत बैङ्कको २ करोड लगानी हुन सकेन

हुलाक विभागले लगानी क्षेत्र विस्तार नगर्दा हुलाक बचत बैङ्क जाजरकोट शाखाको रू. २ करोड लगानी हुन सकेको छैन । हुलाक विभागअन्तर्गत सञ्चालित हुलाक बचत बैङ्कले आफ्ना स्थायी कर्मचारी 'क' वर्गका वाणिज्य बैङ्कलाई मात्र लगानी गर्ने नीतिका कारण रकम थन्किएको हो । हुलाक सेवा विभाग (केन्द्र)ले लगानी दायरा फराकिलो बनाउँदा रकम लगानी गर्न नमिलेको शाखा प्रमुख टेकबहादुर खत्रीले बताए ।

शाखाको रू. ३ करोड ४० लाख बचत रकममध्ये रू. २ करोड १० लाख लगानी हुन नसकी नेपाल बैङ्क लिमिटेड जाजरकोट शाखाको चल्ती खातामा थन्किएको छ । बैङ्कले रू. ३१ लाख कर्मचारी, रू. ५० लाख लक्ष्मी बैङ्क काठमाडौं र रू. ५० लाख माछापुच्छ्रे बैङ्क नेपालगञ्जलाई ऋण लगानी गरेको छ । कर्मचारीले १० र बैङ्कले ११ प्रतिशत वार्षिक ब्याजदरमा ऋण लिएका हुन् । ३ वर्ष सेवा गरेका कर्मचारीले ऋण पाउने व्यवस्था छ । ९ वर्षअघि स्थापित शाखामा २ हजार ६ सय ६ निक्षेपकर्ता रहेका उनले बताए ।

**वर्ष ८, अंक १५८, सोमवार, १४ फागुन, २०६९**

# राजनीतिक हस्तक्षेपले किचिएको सुशासन

## मानव विकास सूचकांक भने सन्तोषजनक

नेपालमा धनी र गरीबबीचको असमानता बढ्दै गएको अध्ययनहरूले उजागर गर्दै आएका छन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को मानव विकास सूचकांक २०२५ ले यो तथ्य उजागर गरेसँगै नेपालमा गरीबी निवारणका लागि चालिएका कदमको प्रभावकारिता र यसको कारणबारे बहस वाञ्छनीय भएको छ । मानव विकास सूचकांकमा केही सुधार त भएको छ । अघिल्लो १४६औं स्थानमा रहेको नेपाल यो वर्ष १९३ देशमध्ये १४५औं स्थानमा छ । नेपालले विगत केही दशकदेखि मानव विकास सूचकमा सुधार गर्दै आए पनि पछिल्ला वर्षहरूमा गति लिन नसकेको अध्ययनहरूले देखाएका छन् । संघीयता कार्यान्वयनसँगै तहगत सरकारहरूले सेवा प्रवाह र योजनाहरूको कार्यान्वयनमा देखिएको क्षमताको कमी र भ्रष्टाचारका कारण अपेक्षित सुधार हुन नसकेको हो । विगत केही वर्षयता आर्थिक गतिविधिमा आएको शिथिलता पनि यसको कारण हो ।

एकातिर निजीक्षेत्र खुम्चिनु, सरकारी आयमा परेको प्रतिकूल प्रभाव, सरकारले विकास बजेट खर्च नगर्नु र भएका कामकारबाहीमा चरम भ्रष्टाचारले राज्यको स्रोत सीमित ठाउँमा थुप्रिने र औसत मानिस अभावमा बाँच्ने स्थिति बनेको छ । सर्वसाधारणको सबैभन्दा बढी सरोकार राख्ने सरकार भनेको स्थानीय सरकार हो । दैनिक सरोकारदेखि विकास आवश्यकताको पूर्तिमा स्थानीय सरकारको भूमिका बढी हुन्छ । तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन हेर्दा सबैभन्दा बढी मुद्दा स्थानीय सरकारका कामकारबाहीमा बढी केन्द्रित छन् । यूएनडीपीको प्रतिवेदनले सबैभन्दा मुख्य कारण नेपालको संघ, प्रदेश र स्थानीय सरकारहरूसम्मले मानव विकासका सूचक बढाउनेतर्फ ध्यान कमैमात्र केन्द्रित गरेको बुझ्नेहरूको पनि कमी छैन ।

भ्रष्टाचारका कारण नागरिकको प्रतिव्यक्ति आम्दानीमा वर्षेनि ३५० अमेरिकी डलर क्षय भइरहेको अध्ययनले देखाएको छ । भ्रष्टाचार नियन्त्रण नेपालका लागि मात्र होइन, आज विश्वकै लागि साझा चुनौती बनेको छ । प्रत्येक वर्ष १० खर्ब अमेरिकी डलरबराबरको रकम घूसमा खर्च हुने विश्व बैंकको एउटा अध्ययनले देखाएको छ । संयुक्त राष्ट्रसंघको अनुसन्धानअनुसार वर्षमा कम्तीमा ३६ खर्ब अमेरिकी डलरबराबरको खर्च घूस, चोरी र जालसाजीमा गइरहेको छ । यसबाट सार्वजनिक ओहोदाका मानिसले अवैध लाभ लिइरहेका छन् । विभिन्न आवरणमा अपराधले बढावा पाएको छ भने आम मानिसको आयमा प्रतिकूल असर थपिएको छ ।

राजनीतिक स्थायित्व र अधिकारको विकेन्द्रीकरणले सुशासन प्रवर्द्धन हुने अपेक्षा गरिएको थियो । गाउँ-गाउँमा सिंहदरबार पुग्यो त भनियो तर सिंहदरबारसँगै भ्रष्टाचार पनि स्थानीय तहसम्म पुग्यो । शासकीय अधिकारको बाँडफाँट र कित्ताबाटबाट राज्यको पुनः संरचना भएको ठानियो । तर, पारदर्शिता प्रवर्द्धन हुन नसक्दा लोकतन्त्र सीमित व्यक्तिहरूका लागिमात्र उन्नत व्यवस्था हो कि भन्ने भान परेको छ । राज्य व्यवस्थाप्रति पैदा भइरहेको यो वितृष्णा चिर्ने काममा सरकार अग्रसर हुन



**राजनीतिको आडमा मौलाएको भ्रष्टाचार झाँगिँदै जाने तर सानोतिनो अनियमितता समातेर प्रगति विवरण देखाउने विडम्बनाबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई मुक्त गरिनुपर्छ । यो उद्देश्यको सफलता पनि राजनीतिको इमानदारी र इच्छाशक्तिमै भर पर्ने छ ।**

**उमेशचन्द्र ठाकुर**

सकेको छैन वा आवश्यक ठानेको छैन । विश्व अर्थराजनीतिमा विकेन्द्रीकरणको कार्यान्वयनमा भ्रष्टाचारका समस्या अन्यत्र नदेखिएका पनि होइनन् । राजनीतिक प्रतिबद्धताबाटै यसको नियन्त्रण पनि सम्भव छ ।

मानव विकास सूचकका हिसाबले नेपालको अवस्था दक्षिण एशियाली देशहरूमा खासै राम्रोमा छैन । दक्षिण एसियामा आन्तरिक द्वन्द्वको पर्याय मानिएका अफगानिस्तान र पाकिस्तानलाई मात्र पछि पारेको छ । अफगानिस्तान १८१औं र पाकिस्तान १६८औं स्थानमा रहेका छन् । नेपाल पछाडिबाट तेस्रोमा छ ।

हालैमात्र आन्दोलनको बलमा सत्ता परिवर्तन भएको बंगलादेशको अवस्था हाम्रोभन्दा राम्रो छ । हामी भने वैधानिक रूपमै संघीय लोकतान्त्रिक गणतन्त्रमा गएको डेढ दशक बितिसक्दा पनि समृद्धिको लय समाउन सकेका छैनौं । राजनीतिक उथलपुथलमा रुमलिएको श्रीलंका दक्षिण एशियामै सबैभन्दा अग्रस्थानमा छ । प्रतिवेदनअनुसार श्रीलङ्का ८९औं स्थानमा छ । दोस्रोमा रहेको माल्दिभ्स ९३औं स्थानमा भुटान १२५ भारत र बाङ्गलादेश १३०औं स्थानमा छन् । मानव विकास सूचकमा प्रतिव्यक्ति आय, औसत आयु, शिक्षा, स्वास्थ्य, सरसफाइ, सामाजिक सुरक्षा, गरीबीको अवस्था, लैंगिक समानतालगायत विषय समेट्ने गरिएको छ ।

सुस्त आर्थिक वृद्धि भएर पनि नेपालले मानव विकासका सवालमा उल्लेखनीय उपलब्धि प्राप्त गरिरहेको बताइएको छ । आधारभूत स्वास्थ्य र शिक्षासेवा र सामाजिक सुरक्षा कार्यक्रमको विस्तारले प्रभाव पारेको त छ तर समाजमा असमानता भने बढिरहेको छ । देशहरूले मानव विकासमा अप्रत्याशित रूपमा सुस्त प्रगति गरिरहे पनि धनी र गरीबबीच असमानता बढ्दो देखिएको छ । हामीकहाँ पछिल्ला वर्षहरूमा धनी र गरीबबीचको खाडल बढिरहेको छ । राजनीतिमा महिला सहभागितामा नेपाल दक्षिण एशियामै अगाडि छ । नेपालको संसद्मा महिलाको सहभागिता दक्षिण एशियाकै सबैभन्दा धेरै हो । नेपालको संविधानले प्रत्याभूत गरेको ३३ प्रतिशत आरक्षणका कारण यो सम्भव भएको हो ।

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन हेर्दा सबैभन्दा बढी मुद्दा स्थानीय सरकारका कामकारबाहीमा बढी केन्द्रित छन् ।**
- **प्रत्येक वर्ष १० खर्ब अमेरिकी डलरबराबरको रकम घूसमा खर्च हुने विश्व बैंकको एउटा अध्ययनले देखाएको छ ।**
- **मानव विकासमा अप्रत्याशित रूपमा सुस्त प्रगति गरिरहे पनि धनी र गरीबबीच असमानता बढ्दो देखिएको छ ।**
- **महँगो चुनाव र त्यसका लागि हुने आर्थिक चलखेल भ्रष्टाचारको कारण बनेको छ ।**
- **भ्रष्टाचार नियन्त्रणका निकायलाई हस्तक्षेपमुक्त बनाउन सबैभन्दा पहिला राजनीतिक भागबन्डामा नियुक्ति बन्द गर्नुपर्छ ।**

भ्रष्टाचार नियन्त्रण र लोकतन्त्रको सबलीकरणका लागि निर्वाचनको निष्ठामा प्रतिबद्ध हुनुपर्ने अनेक अध्ययन र अनुभवले देखाएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि निर्वाचन प्रणालीले भ्रष्टाचार बढाएको औंल्याएको थियो । महँगो चुनाव र त्यसका लागि हुने आर्थिक चलखेल भ्रष्टाचारका कारण बनेको छ । अध्ययनअनुसार १३ प्रतिशत जनताले भोटका लागि घूस लिएका छन् । भोट हाल्दा घूस खाएर सुशासनको अपेक्षा पाल्न मिल्दैन भन्नेमा जनता स्वयम् सचेत हुनुपर्छ । राजनीति र चुनावमा पैसाको चलखेल नियन्त्रण गर्न अत्यावश्यक भइसकेको छ । भ्रष्टाचार न्यूनीकरणका लागि खर्चिलो निर्वाचन प्रणालीमा पुनरवलोकनको खाँचो छ । चुनावलाई भ्रष्टाचारको कारण होइन, अब भ्रष्टाचार नियन्त्रणका एजेन्डालाई चुनावी जितहारको विषय बनाइनुपर्छ ।

सूचनामा नागरिकको सहज पहुँचको अभावले सुशासनलाई कमजोर तुल्याइदिएको छ । विश्वका १२० देशले सूचनाको हकसम्बन्धी कानून बनाएका छन् । भ्रष्टाचारमा बद्नामी कमाएका देशमा कानूनको कार्यान्वयन कमजोर छ । हामीकहाँ कानून छ, तर सरकार बेलाबेलामा अंकुश लगाउन उद्यत हुन्छ । ट्रान्परेन्सीकै एउटा अध्ययनले नेपालको प्रेस स्वतन्त्रतालाई आंशिक स्वतन्त्र भनेको छ, नेपालको प्रेस पूर्ण स्वतन्त्र छैन । अध्ययनमा सहभागी गराइएका ६८ प्रतिशतले नागरिक समाज र मिडियाको प्रयासले भ्रष्टाचार न्यूनीकरण हुने विश्वास गरेका छन् । भ्रष्टाचार नियन्त्रणमा सरकारी भूमिका सन्देहमा जेलिएका बेला नागरिक समाज र सञ्चारक्षेत्रको भूमिका अझ सशक्त हुनुपर्छ । प्रेस स्वतन्त्रतालाई अझ प्रभावकारी र सुनश्चित बनाइनुपर्छ ।

भ्रष्टाचार नियन्त्रणका निकायलाई हस्तक्षेपमुक्त बनाउन सबैभन्दा पहिला राजनीतिक भागबन्डामा नियुक्ति बन्द गर्नुपर्छ । राजनीतिक निगाहमा नियुक्ति पाएकाहरूबाट स्वच्छ कार्यसम्पादनको अपेक्षा गर्न सकिन्न । राजनीतिको आडमा मौलाएका भ्रष्टाचार झाँगिँदै जाने, तर सानोतिनो अनियमितता समातेर प्रगति विवरण देखाउने विडम्बनाबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई मुक्त गरिनुपर्छ । यो उद्देश्यको सफलता पनि राजनीतिको इमानदारी र इच्छाशक्तिमै भर पर्ने छ । हामीकहाँ भ्रष्टाचार नियन्त्रणका अंग आफ्नालाई चोख्याउने र विरोधीलाई तह लगाउने औजारजस्ता भएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको अध्ययनअनुसार ४६ प्रतिशत नेपालीलाई भ्रष्टाचार नियन्त्रण गर्ने निकायबारे थाहा छैन । कतिले यसबारे थाहा पाए पनि निष्पक्षतामा प्रश्न उठाएका छन् । भ्रष्टाचार नियन्त्रणसम्बन्धी सरकारी प्रयासको प्रभावकारितामा विश्वस्त हुन नसक्नेहरू ३७ प्रतिशत छन् । यति हुँदाहुँदै पनि राज्यले चाह्यो भने सुशासनमा राम्रो काम गर्न सक्ने अपेक्षा पाल्नेहरू ६२ प्रतिशत छन् ।

जानकारहरूको मतमा मानव विकास सूचक विकासको मार्गदर्शक हो । हामीले कुन क्षेत्रमा कस्तो नीति लिने र कस्तो कार्यक्रम ल्याउने भन्नेमा यसले बाटो दिन्छ ।

नेपालमा पहिले मानव विकास सूचक निकै सुधार हुँदै गएकोमा अहिले गति सुस्त भएको छ । संयुक्त राष्ट्रसंघले यस वर्षको प्रतिवेदनमा विगत तीन दशकयताकै सबैभन्दा सुस्त गतिमा मानव विकास भइरहेको उल्लेख गरेको छ । संघीयताको सही अभ्यास हुनुपर्छ । प्रदेश र स्थानीय सरकार भौतिक पूर्वाधारमा ध्यान केन्द्रित हुनुपर्छ । जीवनस्तर र शिक्षा, स्वास्थ्यलगायत सडक, पुल, भवनतिर ध्यान केन्द्रित हुन जरुरी भएको छ । त्यस्तै धनी र गरीबबीच असमानता बढ्नुमा वित्तीय क्षेत्रको लगानीसमेत सीमित व्यक्ति तथा परिवारमा थुप्रिनुलाई पनि कारण मानिएको छ । अतः सामाजिक र भौतिक पूर्वाधार विकासका साथै वित्तीय लगानी गरीबसम्म पुग्ने नीति र भ्रष्टाचार नियन्त्रणलाई मूल उद्देश्यमा राख्नुपर्छ ।

*ठाकुर वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

# जनता निचोर्ने कर प्रणाली

हामी हिंड्ने सडक, सुपथ मूल्यका सरकारी अस्पतालमा उपचार, न्यून शुल्कमा सरकारी विद्यालयको शिक्षा, हामीले तिरेको करबाट नै सम्भव भएको हो । खोलामाथिको पुल होस् कि सिँचाइदेखि विमानस्थल, स्वस्थ खानेपानी होस् या हाम्रो छरछिमेकमा बाँडिने सामाजिक सुरक्षा भत्तासम्म हामीले तिरेको करबाट नै सम्भव भएको हो । सरकारी कर्मचारीको तलब, प्रहरी संरचना, सेनाको संरचना होस् या टोलसमाजमा निर्माण भएका पार्क, सबै जनताले तिरेको करबाट निर्मित भएका हुन् । करको औचित्य पनि त्यही नै हो । जनताबाट असुलिएको रकम अन्ततः जनताकै घरदैलोमा पुऱ्याउनु राजा रामदेखिकै समयबाट रहिआएको हो । आजसम्म आइपुग्दा यो कर प्रणालीले विभिन्न स्वरूप प्राप्त गरिसकेको छ ।

अर्थतन्त्रको भार खेप्न, राज्य सञ्चालन गर्न मुलुकलाई राजस्व आवश्यक पर्छ भन्नेमा दुईमत छैन । तर, अर्थतन्त्रको भारको एउटा तौल हुन्छ । अहिलेको संघीय संरचनाले ताप्लेजुङको एउटा दुर्गम गाउँपालिकामा सडक निर्माण भएको होला, बैतडीको एउटा विकट क्षेत्रमा भौतिक संरचना सुधार भएको होला जसले जनताले तिरेको करको औचित्य पुष्टि गर्छ । आखिर करको उद्देश्य पूर्वाधार, शिक्षा, स्वास्थ्यजस्ता सार्वजनिक वस्तु तथा सेवा खरीद गर्नु नै हो । यसको मूल उद्देश्य अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्दै सरकारी खर्च र लगानीलाई सन्तुलित गर्नु हो । आम सर्वसाधारणका लागि कर बाध्यात्मक हो, तर यसको महत्त्व निकै छ ।

यतिबेला राज्यको आर्थिक भार बढेको छ । सरकारले जारी गर्ने आन्तरिक ऋणहरू (ट्रेजरी बिल्स र विकास ऋणपत्र) बाट अर्थतन्त्र थेगिरहेको देखिन्छ । कर्मचारीको तलब बढाउन नसक्ने अर्थतन्त्रले समस्त जनतालाई करको भारबाट राहत दिन सकेको देखिँदैन । एकातर्फ मेहनत गरेर कमाउने एक कर्मचारीले आफ्नो एक तिहाइ कमाइ नै राज्यलाई कर स्वरूप बुझाउनुपर्ने अवस्था छ भने अर्कोतर्फ महँगो भन्सारको शिकार पनि हुनु परेको छ । सीमापारि केही लाखमा पाइने गाडी यता करोडां पर्ने अवस्था छ त्यही कर र भन्सारका कारण ।

आयातमा निर्भर हाम्रो अर्थतन्त्रको मुद्रास्फीति उच्च हुनुको एउटा कारण कर नीति पनि हो । त्यही वस्तु र सेवा सिमाना पारि र वारिमा हुने आकाश जमिनको फरक अर्को प्रमुख कारण हो । अर्थात्, करको पेलान, राजस्वको पेलानमा नेपाली सर्वसाधारण परेका छन् । यहाँ एउटा स्कूटरको डाउन पेमेन्ट वा भनूँ स्कूटरको वास्तविक मूल्य करीब पहिलो किस्तामै तिरिसकेका हुन्छन्, बाँकी किस्ता त केवल भन्सार र कर हो । अर्थात् नेपालीहरूले कर र भन्सार तिर्नकै निमित्त बैंकबाट कर्जा लिई किस्ता किस्तामा बुझाउनुपर्ने अवस्था छ । यसपालिको बजेटबाट कर सम्बन्धमा केही न केही खुकुलो नीति आउँछ भन्ने अपेक्षा कर्मचारीदेखि व्यापारीवर्गसम्मले गरेका थिए । अरू विषयमा जे नै भए पनि करसम्बन्धी विषयमा सोचेअनुरूपको केही हुन नसकेको आभास त धेरै सम्बद्ध पक्षले गरेकै थिए त्यसबाहेक पनि सुनचाँदी व्यवसायीलाई आन्दोलित बनाउने अवस्थासम्म सृजना भयो । आखिर कुरा त्यही करकै हो, भ्याटकै हो ।

यसपालिको बजेटले सुनमा २ प्रतिशतको विलासिता कर बहुमूल्य हिरा पत्थरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने उल्लेख गरेको छ । यस समयमा नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण व्यवसायी महासंघ र नेपाल हस्तकला महासंघ आन्दोलनमा छन् । अर्थमन्त्रीले बजेट घोषणा गरे पश्चात नै आन्दोलान गरेका यी व्यवसायीले अहिले एकतर्फी निर्णय गरेको भनाइ छ । यसले गर्दा करीब तोलामा चार हजार बढ्ने अनुमान गर्न सकिन्छ । विलासिताको नाममा लगाइएको यो कर सम्बन्धमा छलफल हुन आवश्यक थियो किनभने, नेपालका ग्राहकहरूले खुला बजारलाई आधार बनाएर भारत गई सुन किन्ने दिन निम्त्याउने खतरा एकातर्फ रहन्छ भने अर्कातिर भन्सार छलेर ल्याइएको सुनलाई बढावा दिन अर्को मार्गसमेत खुल्ने भय हुन जान्छ । बैंकले सुन बेच्दा नै कर लगाउने, थोक व्यापारीले खुद्रा बिक्रेतालाई बेच्दा मूल्य बढाउने त छँदै थियो । यो नयाँ नीतिले थप विवाद ल्याएको छ ।

यसै महँगो भइरहेको सुनको मूल्यमा सरकारले थप महँगो बनाउने कदम चालेको भनेर बुझ्न सकिन्छ । अहिले पनि सुन नेपालभन्दा भारतमा सस्तो पाइन्छ । कर थोपरेपछि नेपाली ग्राहकहरूलाई भारततर्फ आकर्षण बढ्न जाने भयसमेत थपिएको छ । सीमावर्ती क्षेत्रहरू जस्तो पानिटचांकी, जोगबनी, जयनगर, रक्सौल, सुनौली, रुपैडियाहरूमा गई सुन तथा गरगहना किनेर नेपाल भित्रने परम्परा बस्न जाने सम्भावना छ । त्यसैले सुनचाँदी व्यवसायीको मागको सम्बोधनसमेत गरिनुपर्छ ।



**संघीयताले अर्थतन्त्र थेग्न नसक्ने अवस्थामा जनतालाई निचोरेर आफ्नो जिद्दीमा रहिरहन धेरै समयसम्म सम्भव पनि छैन । त्यसैले जनतालाई वाक्कदिक्क बनाउँदा भोलि त्यसको विद्रोहको रूप लिन सक्छ भनेर सरकार र राजनीतिक दलले बेलैमा सोच्नु जरूरी छ ।**

**- द्वैपायन रेग्मी**

- **नेपालमा कहिले पुस्तकमा कर, कहिले विद्युतीय कारोबारमा कर, कहिले विदेशबाट नेपालमा फोन वा ल्यापटप ल्याउँदा करजस्ता परीक्षणहरू त भइरहेको छ ।**
- **कर्मचारीको तलब बढाउन नसक्ने अर्थतन्त्रले समस्त जनतालाई करको भारबाट राहत दिन सकेको देखिँदैन ।**

नेपालमा कहिले पुस्तकमा कर, कहिले विद्युतीय कारोबारमा कर, कहिले विदेशबाट नेपालमा फोन वा ल्यापटप ल्याउँदा करजस्ता परीक्षणहरू त भइरहेको छ । राज्यको खर्च घटाउनेभन्दा पनि कसरी हुन्छ निमुखा जनतालाई निचोरेर राजस्व असुल्ने भन्नेतर्फ सरकारको ध्यान केन्द्रित हुँदा अर्थतन्त्र र बजार मात्र बिग्रने होइन, मुलुकभर वितृष्णाको भाव सिर्जित हुन सक्छ । यो वितृष्णाले गर्दा पलायन बाध्यकारी बन्न सक्छ । यसले गर्दा अन्ततः समग्र मुलुक एउटा नराम्रो खाडलमा फस्न सक्छ । हिजो चप्पल लगाएर राजनीति गर्नेहरू आज लाखौंको पहिरन लगाएर राजनीति गर्ने भएका छन् । उनीहरूको यो रजगजका लागि आम सर्वसाधारणले पिल्सिनुपर्ने कुरा मिल्दैन र सुहाउँदैन पनि ।

नेपालजस्तो विकासोन्मुख मुलुकमा सरकार फेरबदल हुनुलाई अब स्वाभाविक रूपमा लिन सक्नुपर्छ । चुनावपश्चात् मात्रै पनि तिन अर्थमन्त्रीले बजेट प्रस्तुत गरिसकेको अवस्था छ । अझ भन्ने हो भने तिन फरक पार्टीका मन्त्रीहरूले अर्थ मन्त्रालय सम्हालिसकेका छन् जसले गर्दा स्वाभाविक रूपमा फरक प्रकृति र भिन्न सोच भएको बजेट त आउने नै भयो । कसैले एउटा पक्ष महत्वका साथ प्राथमिकतामा दिए होलान्, कसैले अर्को त्यो महत्त्वपूर्ण विषय भएन । तर, कुनै पनि मन्त्रीले मुलुकको अर्थतन्त्रलाई अब्बल बनाउन सकेनन् ।

सबैको समस्या राजस्व संकलनमा चुनौती नै थियो । कुर्सी एकै भएपछि सबैले आभास गरेको पक्ष संघीयताले ल्याएको भार हो भन्ने छ । राजनीतिक कुर्सी बाँडफाँटको निमित्त, शक्तिमा रहनको निमित्त ल्याइएको संघीयता अहिले राज्यलाई नै भार बन्न थालेको छ । सुनचाँदी व्यवसायीको विषय जायज पनि हो । संघीयताले अर्थतन्त्र थेग्न नसक्ने अवस्थामा जनतालाई निचोरेर आफ्नो जिद्दीमा रहिरहन धेरै समयसम्म सम्भव पनि छैन । त्यसैले जनतालाई वाक्कदिक्क बनाउँदा भोलि त्यसको विद्रोहको रूप लिन सक्छ भनेर सरकार र राजनीतिक दलले बेलैमा सोच्नु जरुरी छ । समय घर्किएपछि पछुताउनुसिवाय केही बाँकी रहँदैन ।

*रेग्मी बैंकर हुन् ।*

पृष्ठ १ बाट क्रमशः

## पहिलोपल्ट नेपालमा...

त्यस्ता भण्डारहरूमा मिथेन (सीएच ४)को मात्रा ९० प्रतिशतभन्दा बढी रहेको प्रारम्भिक नजिताले देखाएको विभागका उपमहानिर्देशक तथा प्रवक्ता दिनेशकुमार नापितले जानकारी दिए । संसारभर अहिले वातावरणमैत्री इन्धनको चर्चा भइरहेका बेला दैलेखको प्राकृतिक ग्यास हालको खाना पकाउने एलपीजी ग्यासभन्दा निकै नै लाभदायक र वातावरणमैत्री हुने नापितले बताए छ । 'धेरैजसो विकसित मुलुकमा यसको प्रयोग छ,' नापितले भने । 'चीनको टोलीले प्रतिवेदन दिइसकेको छ । यसैका आधारमा परीक्षण उत्पादन, वास्तविक उत्पादन कति हुन्छ भन्ने जस्ता विषयमा नयाँ सम्झौता हुनेछ ।' आर्थिक र प्राविधिक रूपमा ग्यास निकाल्न सकिने पुष्टि भएको र विस्तृत प्रतिवेदन आगामी डिसेम्बरमा आउने उनको भनाइ छ ।

उनका अनुसार नेपालमा अहिलेसम्म देखिएकामध्ये यो सबैभन्दा ठूलो भण्डार हो । यहाँबाट उत्पादन हुने ग्यासले कति वर्ष पुग्छ भन्ने कुरा उपभोग र माग कति हुन्छ भन्नेमा भर पर्ने उनको भनाइ छ । विभागले बिहीवार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा प्रतिवेदनका विषयमा जानकारी गराएको उनको भनाइ छ । नापितका अनुसार यो ग्यास खाना पकाउन, सवारीसाधनमा इन्धनलगायतमा प्रयोग गर्न सकिन्छ ।

त्यहाँ प्राकृतिक ग्यास रहेको पुष्टि गर्न त्यस क्षेत्रको चट्टानको २ हजार ५०० देखि ३ हजार ९४० मीटरसम्मको तहहरूमा जम्मा ९ ओटा इन्टरभलमा करीब ५० ओटा नमूना संकलन गरिएको थियो । साथै रक कटिङका ३ हजार २३ ओटा नमूना संकलन गरिएका थिए । दैलेखबाहेक दाङ, पाल्पा र सुनसरीमा पनि विस्तृत पेट्रोलियम अन्वेषणको काम सञ्चालन गर्ने सरकारी योजना छ । चाइना एड अन आयल एन्ड ग्यास रिसोर्स सर्वे प्रोजेक्ट इन नेपालबाट हालै सम्पन्न अन्वेषणले ती जिल्लामा पेट्रोलियम पदार्थको सम्भावना देखाएको हो ।

उत्पादन परीक्षणको उद्देश्य प्राकृतिक ग्यासको गुणस्तर, चाप र तापक्रम, उत्पादनशीलताको पहिचान, भण्डार मूल्यांकन, परिमाण तथा औद्योगिक ग्यास उत्पादन परीक्षण गरी व्यावसायिक उत्पादनको सम्भावना यकीन गर्नु रहेको नापितले जानकारी दिए । प्रारम्भिक प्रतिवेदनको आधारमा उत्पादन परीक्षण गरिने र पहिलो चरणमा ६० कार्यदिन वेल डेभलपमेन्टका कामहरू र दोस्रो चरणमा करीब १५ दिन उत्पादन परीक्षण गर्ने बताइएको छ । उत्पादन परीक्षणका लागि भने १ वर्ष लाग्ने उल्लेख गरिएको छ ।

उत्पादन परीक्षणका लागि ६५ करोड रुपैयाँ मात्रै लाग्ने प्रारम्भिक अनुमान गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका एक अधिकारीले जानकारी दिए । परियोजनामा हालसम्ममा सवा २ अर्ब रुपैयाँ खर्च भएको छ ।

मन्त्रालयका ती अधिकारीले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विस्तृत प्रतिवेदनका साथै साढे २ महीनाभित्रै उत्पादन परीक्षण गर्ने गरी काम अघि बढाउन निर्देशन दिएको बताए ।

यो विषय उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई बिहीवारै जानकारी गराइएको छ । अर्थमन्त्री पौडेलले विकल्पसहित ३ दिनअघि यस विषयमा जानकारी माग गरेको उनको भनाइ छ । मन्त्रालयका ती अधिकारीले अहिले ग्यासको परीक्षण उत्पादनका लागि दुईओटा विकल्प रहेको बताए । पहिलो सरकारले छुट्टै कम्पनी स्थापना गर्ने वा भएकै सरकारी कम्पनीमार्फत काम गराउने र दोस्रो निजीक्षेत्रलाई दिने विकल्प रहेको उनले बताए ।

विभागले आगामी कार्यदिशामा दुईओटा विषयलाई प्राथमिकतामा राखेको छ । एउटा नेपाल सरकारका तर्फबाट चीन सरकारसँग जीटूजीमा काम अघि बढाउन आर्थिक तथा प्राविधिक सहयोगका लागि अनुरोधन गर्ने र अर्को चिनियाँ पक्षबाट सहमति प्राप्त भएपछि नेपाल सरकारको स्वीकृति प्राप्त गरी दुई पक्षबीच नयाँ कार्यान्वयन सम्झौता गरी पेट्रोलियम अन्वेषण कार्य अघि बढाउने भन्ने हो ।

## नुन कारोबार...

बिहीवार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा आयोजित छलफलमा अधिकांश सरोकारवालाले नुन कारोबार सरकारी निकायमै सीमित गर्नु उपयुक्त हुने तर्क राखे ।

खुला बजारमा नुन कारोबार गर्न निजीक्षेत्रलाई किन नदिने भन्ने प्रश्न उठिरहेकोमा कतिपयले यसले गुणस्तरमा एकरूपता आउन नसक्ने दाबी गरे ।

बिहीवार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा आयोजित छलफलमा सांसद रमा कोइराला पौड्यालले नुनको विक्री वितरण निजीक्षेत्रलाई जिम्मा दिन खोजिनु गलत भएको बताइन् ।

'राजपत्रमा सूचना प्रकाशित गरेर मन्त्रीज्यू (स्वास्थ्यमन्त्री प्रदीप पौडेल)ले निजीक्षेत्रलाई आपूर्ति जिम्मा दिन लाग्नुभएको हो कि भन्ने शंका छ । यस्तो संवेदनशील विषयमा संसद्लाई स्पष्ट जानकारी आवश्यक हुन्छ,' उनले भनिन् ।

बैठकमा उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले साल्ट ट्रेडिङले प्रभावकारी रूपमा आपूर्ति गरिरहेको बताए । '२०२० देखि २०४९ सालसम्म जुन वितरण व्यवस्था थियो, त्यो उत्कृष्ट थियो । अहिलेको प्रणालीमा साल्ट ट्रेडिङलाई एकाधिकार दिइएको भन्ने भ्रम छ, तर वास्तवमा सरकार आफैले संस्थामार्फत आपूर्ति गरिरहेको हो,' उनले भने ।

उनले सीमित व्यापारीलाई पोस्ने गरी नुन कारोबार निजीक्षेत्रलाई दिने तयारी भएकोप्रति गम्भीर ध्यानाकर्षण भएको बताए । महर्जनले नुनको कारोबार सरकारले नै गर्ने व्यवस्था रहेको र त्यसको काम सरकारी संस्थानले प्रभावकारी रूपमै गरेको जिकीर गरे ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले नुनको आपूर्ति, विक्री वितरण सरकारी संस्थान साल्ट ट्रेडिङबाटै भइरहेकाले यसमा सरकारले अन्य कुनै तयारी नगरेको दाबी गरे ।

नेपालमा आयोडिनयुक्त नुनको आपूर्ति पर्याप्त, गुणस्तरयुक्त र प्रभावकारी रहेको भन्दै सचिव घिमिरेले साल्ट ट्रेडिङले विगत ४० वर्षदेखि देशभर सहज र सुलभ रूपमा आयोडिनयुक्त नुनको आपूर्ति गर्दै आएको समेत स्पष्ट पारे ।

उनले भने, 'नुनको कारोबार खुला गर्दा गुणस्तरमा कमी, मूल्यमा एकरूपता नहुने, आपूर्ति सहज नहुने जस्ता समस्या आउन सक्छन् । अहिलेको अवस्थामा नुन आपूर्तिको जिम्मा निजीक्षेत्रलाई दिने तयारी छैन ।'

राजपत्रमा प्रकाशित 'आयोडिनयुक्त नुन उत्पादन तथा विक्रीवितरण ऐन, २०५५' कार्यान्वयन गर्ने सन्दर्भमा सार्वजनिक सरोकार उठेका कारण छलफल आवश्यक भएको बताउँदै घिमिरेले सर्वोच्च अदालतले पनि वर्तमान वितरण प्रणालीलाई निरन्तरता दिन आदेश दिइसकेको जानकारी गराए । 'हामी संसद्ले बनाएको कानुनमाथि प्रश्न उठाउँदैनौं । सर्वोच्च अदालतले पनि निर्देश गरिसकेको छ । व्यक्तिलाई आपूर्ति जिम्मा दिँदा कालोबजारी र अभावको सम्भावना हुन्छ,' उनले भने ।

साल्ट ट्रेडिङ कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले संस्थाले सरकारले दिएको जिम्मेवारी प्रभावकारी रूपमा पूरा गरिरहेको दाबी गरिन् । उनले भनिन्, 'विगतका नुनको कृत्रिम अभाव, मूल्य वृद्धि, गुणस्तरहीन नुनको विक्रीजस्ता समस्याहरू हटाएर गुणस्तरीय नुनको आपूर्तिमा साल्ट ट्रेडिङ सफल भएको छ । दुर्गम जिल्लामा समेत प्रतिकेजी ९ रुपैयाँमा नुन पुऱ्याएका छौं ।'

श्रेष्ठका अनुसार साल्ट ट्रेडिङले नुन मात्र होइन, रासायनिक मल, दाल, चामल, ग्यासजस्ता अत्यावश्यक वस्तुहरू पनि विक्री गर्दै आएको छ । भूकम्प र कोरोना महामारीको कठिन समयमा पनि दुर्गम जिल्लामा नियमित आपूर्ति गर्नु सकारात्मक उपलब्धि भएको उनले बताइन् ।

## फर्स्ट च्वाइसका 'हिमालयन क्रिप्स' र 'हाम्रो फ्राइज्' ब्राण्ड सार्वजनिक

काठमाडौं (अस) । २ अर्ब रुपैयाँ लगानीमा सञ्चालत फर्स्ट च्वाइस फूड्स प्रालिले आफ्ना दुई ब्राण्ड सार्वजनिक गरेको छ । आलुको परिकार बजारमा विक्रीवितरणका लागि उक्त उद्योगले 'हिमालयन क्रिप्स' र 'हाम्रो फ्राइज्' बिहीवार काठमाडौंमा सार्वजनिक गरेको हो ।

अर्थमन्त्री विष्णु पौडेलले उक्त उद्योगका ती ब्राण्ड सार्वजनिक गरेका हुन् । रूपन्देहीको शुद्धोधन-४ मैनहियामा सञ्चालनमा आइसकेको उद्योगबाट २०८० मा परीक्षण उत्पादन भएको थियो । त्यसको केही महीनापछि उद्योगले २०८१ फागुनदेखि व्यावसायिक उत्पादन शुरू मात्रै नगरी भारतको उत्तराखण्डमा निर्यात समेत गरेको छ । औपचारिक रूपमा ब्राण्ड सार्वजनिक गर्दै उक्त उद्योगका संस्थापक तथा कार्यकारी अध्यक्ष कृष्णप्रसाद पौडेलले यो कम्पनीको मात्र नभई राष्ट्रको स्वाभिमानको विषय भएको बताए ।

उक्त उद्योगले ती ब्राण्डमा फ्रेन्च फ्राई काठमाडौं, पोखरा, चितवन, बुटवल, इटहरी, दाङ, नेपालगञ्ज जस्ता मुख्य शहरमा विक्रीवितरण गरिरहेको जानकारी पौडेलले दिए । यी शहरमा पाँच वितरक, १२ चेन रेष्टुरेन्ट, १५० सप्लायर्स, ४०० भन्दा बढी रेष्टुरेन्ट, १७१ मोडर्न मार्टमार्फत उद्योगले उपभोक्तामाझ उत्पादन पुऱ्याएको छ । यस्तै भारतको उत्तराखण्डको पाल फ्रोजन ग्रुपले उद्योगको उत्पादन भारतीय बजारमा विक्री गरेको उल्लेख गरिएको छ ।

कार्यक्रममा पौडेलले नेपालमै पहिलोपटक 'फ्रोजन पटेटो प्रोसेसिङ'मा प्राविधिक जनशक्ति तयार पारिएको र नेपालमै काम गर्ने वातावरण तयार गर्न लागिपरेको उल्लेख गरे । अहिले उद्योगबाट एक घण्टामा २ टन फ्रेन्च फ्राई उत्पादन गरिरहेको छ । मैनहियामा ५ बिगाहा जग्गामा रहेको उक्त उद्योगमा प्रत्यक्ष रूपमा १०० जनाभन्दा बढीले रोजगारी पाइरहेका छन् । यो उद्योगसँग विभिन्न १९ जिल्लाका किसान पनि जोडिएका छन् ।

## कोरियाबाट फर्केर कृषि पेशामा

भोजपुर । कोरियाबाट फर्केर रामप्रसाद राई गाउँपालिका-८ का रेवतीरमण थापा कृषि व्यवसायमा लागेका छन् । रोजगारीको सिलसिलामा १० वर्ष कोरियामा बिताएका थापा व्यावसायिक खुर्सानी खेतीमा जुटेका हुन् ।

भोजपुर नगरपालिका-१२, टक्सारमा ४० रोपनी जग्गा भाडामा लिएर व्यावसायिक कृषि गरिरहेको थापाले बताए । कोरियामा देखेको खेती प्रविधिको शीपलाई उपयोग गर्दै यहाँ नै व्यावसायिक अकबरे खुर्सानी खेती गरिरहेको उनको भनाइ छ । आफूले भाडामा लिएको जमिनमा १० हजार अकबरे खुर्सानीका बिरुवा विस्तार गरेको उनले जानकारी दिए ।



'वैदेशिक रोजगारीको सिलसिलामा १० वर्ष कोरियामा बिताएँ,' कृषक थापाले भने । 'त्यहाँ मेरो कमाइ राम्रै थियो, तर आफ्नै ठाउँमा कृषिमा उदाहरणीय बन्ने सोचले अहिले कृषि व्यवसायमा जुटेको छु ।' खुर्सानी खेतीबाट वार्षिक ८ देखि १० लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य रहेको उनले बताए ।

गतवर्षको झैं खुर्सानीले मूल्य पाएको खण्डमा लक्ष्यअनुसार आम्दानी लिन समस्या नरहेको उनको भनाइ छ । युवामा विदेशप्रतिको मोह बढिरहेको बेला कृषिबाट पनि राम्रो आम्दानी लिन सकिन्छ भन्ने सावित गर्न स्वदेश फर्केर कृषि कर्म रोजेको उनले बताए ।

'हामी धेरै स्वदेशको महत्त्व नबुझेर पनि विदेश गइरहेका छौं,' उनले भने । 'विदेशमा गर्ने दुःख आफ्नै माटोमा गर्न सक्ने हो भने कृषिबाट पनि राम्रो आम्दानी लिन सकिन्छ ।' व्यवसायमा लाग्ने कृषकलाई अनुदानमा रकमभन्दा पनि आधुनिक औजार तथा उपकरणमा राज्यले सहयोग गर्न आवश्यक रहेको उनको भनाइ छ । युवा विदेशिएको कारण गाउँघरका धेरै खेतीयोग्य जमिन बाझिँदै गएकाले यसको सदुपयोगमा राज्यले ध्यान दिन आवश्यक रहेको उनले बताए ।

आफ्नै ठाउँमा व्यावसायिक कृषिकर्म गर्न सके स्वदेशमै विदेशको भन्दा राम्रो आम्दानी लिन सकिने उनले सुनाए । राज्यका सबै तहको सहयोगका कार्यक्रम वास्तविक किसानसम्म पुग्न आवश्यक रहेको उनको भनाइ छ ।

'स्वेदशमा उद्यम गर्छु भन्ने युवालाई व्यावसायिक योजनाको आधारमा राज्यले सहयोग गर्न आवश्यक छ,' उनी भन्छन् । 'पहुँचको भरमा राज्यका कार्यक्रम सञ्चालन हुने प्रथाले वास्तविक किसान मारमा परेको अवस्था पनि छ, यसमा सरोकारवाला पक्षले ध्यान दिन जरुरी देख्छु ।'

गतवर्ष परीक्षणको रूपमा लगाएको दुई हजार बोट खुर्सानीबाट ३ लाख रुपैयाँ आम्दानी गरेको उनले सुनाए । खुर्सानीबाट राम्रो आम्दानी हुने भएपछि यस वर्ष १० हजार बिरुवा रोपेको कृषक थापाको भनाइ छ । आगामी वर्ष यसलाई थप विस्तार गरेर ४० देखि ५० हजार बिरुवा पुऱ्याउने सोच रहेको उनले बताए । कोरियाली रोजगारदाताले बस्न अनुरोध गर्दा पनि आफ्नै ठाउँमा कृषिकर्म गर्ने अठोटका साथ नेपाल फर्किएको उनको भनाइ छ । *रासस*



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०३/०६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०३/१२ गते/स्थान : सम्बन्धित शाखा कार्यालय | २०८२/०३/१५ गते, आइतबार दिनको ३ बजे |

**क्र.सं. केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाडौं**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : टस बहादुर गुरुङ्ग**<br>ना.प्र.नं. ३७२५५, जि.प्र.का. लमजुङ्ग<br>जारी मिति : २०५८/०४/२२<br>बाबुको नाम : चोक बहादुर गुरुङ्ग<br>बाजेको नाम : खरजङ गुरुङ्ग<br>ठेगाना : लमजुङ्ग जिल्ला, हिलेटक्सार गा.वि.स. वडा नं. ४ | **नाम : पृथ्वी गुरुङ्ग**<br>ना.प्र.नं. ३१२२०, जि.प्र.का. लमजुङ्ग<br>जारी मिति : २०५६/१०/१०<br>बाबुको नाम : राम बहादुर गुरुङ्ग<br>बाजेको नाम : हर्क मान गुरुङ्ग<br>ठेगाना : लमजुङ्ग जिल्ला, नाल्मा गा.वि.स. वडा नं. ४ |

**धितोको विवरण**

धनी ज्योति विकास बैंक लि. र ऋणी टस बहादुर गुरुङ्गको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बा १९ च ३५२३ को चेसिस नं. : MALC181CLJM377042*B, ईन्जिन नं. : G4FGJW401336 भएको HYUNDAI CRETA 1.6 Gasoline Base को सवारी साधन थान १

**क्र.सं. शाखा कार्यालय : दमक, झापा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : फाल्गुनन्द निर्माण सेवा प्रा.लि.**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. १६५७१२/०७३/०७४, दर्ता मिति : २०७३/१२/०७, पान नं. ६०५९७८४१०, दर्ता मिति : २०७३/१२/०७
ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. १, **संचालकको नाम : मणि कुमार राई र शुक्र वहादुर लिम्बु**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : मणि कुमार राई**<br>ना.प्र.नं. ३९७९०-२६५८, जि.प्र.का. इलाम<br>जारी मिति : २०५०/०५/२४<br>बाबुको नाम : वीर बहादुर राई<br>बाजेको नाम : लालमान राई<br>ठेगाना : इलाम जिल्ला, इभाङ्ग वडा नं. ८<br>हाल : झापा जिल्ला, दमक न.पा. वडा नं. १ | **२. नाम : शुक्र वहादुर लिम्बु**<br>ना.प्र.नं. ४०२०७/११४३, जि.प्र.का. इलाम<br>जारी मिति : २०५०/८/४<br>बाबुको नाम : अर्जुन बहादुर लिम्बु<br>बाजेको नाम : शनिश्चरे लिम्बु<br>ठेगाना : इलाम जिल्ला, इभाङ्ग वडा नं. ७<br>हाल : इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. ३ |
| **३. नाम : राधा राई**<br>ना.प्र.नं. ०३-००६-३/५१२, जि.प्र.का. इलाम<br>जारी मिति : २०६३/११/१३<br>पतिको नाम : मणि कुमार राई<br>ससुराको नाम : वीर बहादुर राई<br>ठेगाना : इलाम जिल्ला, इभाङ्ग वडा नं. ८<br>हाल : झापा जिल्ला, दमक न.पा. वडा नं. १ | **४. नाम : राम कुमारी लिम्बु**<br>ना.प्र.नं. ०३-००६-३/७६०, जि.प्र.का. इलाम<br>जारी मिति : २०६३/११/१५<br>पतिको नाम : शुक्र बहादुर लिम्बु<br>ससुराको नाम : अर्जुन बहादुर लिम्बु<br>ठेगाना : इलाम जिल्ला, इभाङ्ग वडा नं. ७<br>हाल : इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. ३ |

**धितोको विवरण**

१. शुक्र वहादुर लिम्बुको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, दमक वडा नं. १ स्थित कित्ता नं. २१४६१ र २१००३ को क्षेत्रफल क्रमशः ०-०-३.५०-० र ०-०-३.७५-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. धनि ज्योति विकास बैंक लिमिटेड भई ऋणी फाल्गुनन्द निर्माण सेवा प्रा. लि.को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको सवारी नं. बा ३ क ३२७१, च्यासिस नं. 363050301607 इन्जिन नं. 376685 को SWE 220 E (Sunward) रहेको सवारी साधन थान १ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : दमक, झापा, फोन नं. ०२३-०५७५०८८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०३/०६)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

